
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ३२२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ पुस ६ गते बुधबार ❑ 21 Dec. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## कांग्रेस संसदीय दलको नेतामा सभापति देउवा र महामन्त्री थापाको उम्मेदवारी

**रासस**
**काठमाडौं, ४ पुस**

नेपाली कांग्रेस संसदीय दलका नेताको निर्वाचनमा प्रधानमन्त्री एवं पार्टी सभापति शेरबहादुर देउवा र महामन्त्री गगनकुमार थापाले उम्मेदवारी दिनुभएको छ।

सिंहदरबारस्थित संसदीय दलको कार्यालय परिसरमा पुगेर दलको नेताका लागि सभापति देउवा र महामन्त्री थापाले उम्मेदवारी दर्ता गराउनुभएको हो।

सभापति देउवाको उम्मेदवारीको प्रस्तावकमा वरिष्ठ नेता रामचन्द्र पौडेल र समर्थकमा पार्टी उपसभापति पूर्णबहादुर खड्का रहनुभएको छ। यसैगरी महामन्त्री थापाको उम्मेदवारीको प्रस्तावकमा नेता डा शेखर कोइराला तथा समर्थकमा उपसभापति धनराज गुरुङर महामन्त्री विश्वप्रकाश शर्मा रहनुभएको छ।

सिंहदरबारस्थित कांग्रेस संसदीय दलको कार्यालयमा बुधबारउम्मेदवारी दर्तापछि उहाँहरुले मुलुकको अहिलेको आवश्यकता र जनताको चाहनाबमोजिम नै आफूहरुले उम्मेदवारी दिएको तर्क गर्नुभयो। सभापति देउवाका प्रस्तावक रहनुभएका पार्टीका वरिष्ठ नेता पौडेलले मुलुकको अहिलेको आवश्यकताअनुसार सबैलाई मिलाएर लैजान सक्ने अनुभवी नेतृत्वका लागि सभापति देउवाको उम्मेदवारी रहेको बताउनुभयो। उहाँले सभापति देउवालाई सर्वसम्मतिले संसदीय दलको नेता बनाउनुपर्ने आफ्नो धारणा रहेको उल्लेख गर्नुभयो।



यसैगरी सभापति देउवाका समर्थक रहनुभएका पार्टी उपसभापति खड्काले संविधानको रक्षा र कार्यान्वयन, राजनीतिक स्थायित्व र मुलुकको उन्नति प्रगतिलाई द्रुत गतिमा अघि बढाउन तथा पार्टीको हितका लागिसमेत सभापति देउवाको नेतृत्व आवश्यक रहेको बताउनुभयो। गठबन्धन दललाई मिलाएर लैजान सक्ने अनुभवको उपयोगिताको आवश्यकता र सबैले स्वीकार्नेनेतृत्वअनुसारसभापतिदेउवाको उम्मेवारी रहेको उहाँले तर्क गर्नुभयो।

संसदीय दलको नेताका अर्का उम्मेदवार पार्टीका महामन्त्री थापाले परिवर्तनको चाहनालाई सँगै लिएर जानसक्ने आत्मविश्वासका साथ उम्मेदवारी दिएको उल्लेख गर्दै पार्टीलाई रुपान्तरण गर्नसक्ने र संसद्भित्र कांग्रेसको तर्फबाट नेतृत्व गरेर गौरव गर्न लायक काम गरेर सरकार चलाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले जनचाहनाअनुसार आफूले पार्टीलाई बदल्ने र देशलाई पनि बदल्ने क्षमताका साथ उम्मेदवारी दिएको तर्क गर्नुभयो।

महामन्त्री थापाका प्रस्तावक रहनुभएका पार्टीका नेता डा कोइरालाले आफूहरुले विभिन्न चरणमा छलफल गरेर तथा स्थायित्व र निरन्तरताको एजेण्डाका साथ महामन्त्री थापालाई सर्मथन गरेको जानकारी दिनुभयो। निर्वाचनका लागि उम्मेदवारी दरखास्त दिन मंगलबारदिउँसो २ बजेदेखि ३ बजेसम्मको समय निर्धारण गरिएको थियो। कांग्रेस संसदीय दलको नेताको निर्वाचन यही पुस ६ गते बुधबार हुँदैछ। कांग्रेसको 'संसदीय दलको नेता तथा कार्यसमिति निर्वाचन समिति'ले संसदीय दलको नेताको निर्वाचनसम्बन्धी कार्यतालिका सोमबार सार्वजनिक गरेको हो। कार्यतालिकाअनुसार सोमबार नै मतदाता नामावली प्रकाशन भइसकेको छ। निर्वाचनका मतदाता पार्टीका प्रतिनिधिसभाका सदस्य हुन्।

मतदान बुधबार बिहान ८ बजेदेखि १० बजेसम्म कांग्रेस संसदीय दलको कार्यालय परिसर, सिंहदरबारमा हुनेछ। समितिले उम्मेदवारको दरखास्त साथ दाखिल हुनुपर्ने शुल्क रु ५१ हजार तोकेको छ। मतदान समाप्त भएपश्चात् मतगणना र निर्वाचन परिणामको घोषणा हुनेछ। पार्टीका नेता भीष्मराज आङ्दम्बे संयोजकत्वको निर्वाचन समितिमा नेताहरु पुष्पा भुसाल र प्रकाश रसाइली स्नेही सदस्य रहनुभएको छ।

गत मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा कांग्रेसले प्रतिनिधिसभाको प्रत्यक्षतर्फ ५७ र समानुपातिकतर्फ ३२ गरी ८९ सिटमा विजयी हासिल गरेर संघीय संसद्को सबैभन्दा ठूलो दल बनेको छ। संसद्को सबैभन्दा ठूलो दलको हैसियतमा कांग्रेसले आफ्नै नेतृत्वमा आगामी नयाँ सरकार गठन गर्नका लागि पहल गर्न सुरु गरिसकेको छ।

कांग्रेसमा संसदीय दलको नेता नै प्रधानमन्त्रीको उम्मेदवार हुने भएकाले संसदीय दलको नेताको निर्वाचन महत्वपूर्ण मानिन्छ। कांग्रेसको विधानको दफा ४० मा संसदीय दलसम्बन्धी व्यवस्था छ। उपदफा (२) मा संसदीय दलमा प्रतिनिधिसभाका सदस्यले आफूमध्येबाट संसदीय दलको नेताको निर्वाचन गर्ने उल्लेख छ।

## पोखरा महानगर लेखा समितिले भन्यो, 'बेरुजु अत्याधिक बढ्यो, फछ्यौटको ब्यवस्था मिलाउ'

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ पुस**



पोखरा महानगरपालिकाको बेरुजु अत्याधिक बढेको भन्दै शीघ्र फछ्यौटको व्यवस्था मिलाई सोको प्रगगित विवरण लेखा समितिको बैठकम पेश गर्न निर्देशन दिएको छ।

महानगर लेखा समितिको नवौ बैठकले बेरुजुलाई सुशासनको करात्मक सुचकको रुपमा समेत लिइने हुदाँ महानगरपालिकाको बेरुजु अध्याधिक बढदै गइरहेकोले र फछ्यौटको गति सुस्त रहेकोले आगामी दिनमा सुन्य सहनशीलता स्थापित हुने गरी स्पष्ट कार्यविधि एवं कार्ययोजना बनाई शीघ्र फछ्यौटको ब्यवस्था मिलाई प्रगती विरण समितिमा पेश गर्न बैठकले महानगर कार्यपालिकालाई निर्देशन दिएको छ। बैठकले संघीय सरकारले कार्यक्रम राखी आमन्त्रण नगरेको ता कामको प्रयोजन समेत नखुलेको दुबै अवस्थामा कार्यालयले कर्मचारीलाई जिल्ला बाहिर विशेष कामकाज खटाउने गरेको पाइएको भन्दै आगामी दिनमा बस्तुनिष्ठ र मितब्ययी तरिकाले काजमा खटाउने कार्यलाई कडाइका साथ पालना गर्न समितिले निर्देशन दिएको छ। समितिले महानगरका कर्मचारीहरुलाई आवास सम्वन्धी कुनै पनि नीतिगत एवं कानुनी व्यवस्था विनानै घरभाडाका लागि ठूलो रकम खर्च हुने गरेको भन्दै उक्त खर्च नियन्त्रण गर्न नवौ बैठकबाट निर्देशन दिइएको लेखा समिति संयोजक झपट रानाभाटले जानकारी दिए।

उनका अनुसार कार्यालयमा माली, कुचीकार, कार्यालय सहयोगी, जस्ता पदमा बाहेक अन्य पदहरुमा कर्मचारी राख्न नपाउने ब्यवस्था भएपनि अन्य पदहरुमा समेत करारमा कर्मचारी भर्ना गरिरहेको अवस्था देखिएकाले आगामी दिनमा आवश्यक भएमा लोकसेवा आयोगसंग माग गर्ने कानुनी व्यवस्थालाई पालना गर्न निर्देशन दिएको छ। यस्तै बैठकले कार्यालयमा प्राविधिक जनशक्ति उपलब्ध हुदाँहुदैं महानगरभित्र अन्य निकायका भवन निर्माणको एवं नक्सा डिजाइन उपर निगरानी, चेकजाँच गरी स्वीकृति गर्ने अवस्था भएपनि महानगरको आफनै भवनको डिजाइन बनाउन समेत बाहिरबाट परामर्श सेवाका नाममा लाखौं रकम खर्च भएको देखिएकाले रोक्न निर्देशन दिएको संयोजक रानाभाटले जानकारी दिनुभयो। कार्यपालिका बैठक,तालिम आदि सञ्चालनका लागि कार्यालय हल हुदाँहुदै विभिन्न रिसोर्टमा ठूलो रकम खर्च हुने गरेको देखिएकाले त्यसबाट नागरिकमा आफुले तिरेको राजश्व रकम दुरुपयोगको बढदो टिप्पणी एवं चिन्ता ब्यक्त हुने गरेकाले नागरिकले तिर्ने रकमको सम्मान र सदुपयोगको प्रत्याभुति गर्ने गरी कार्यपालिका बैठक कार्यालय बाहिर गर्न निरुत्साहित गर्नुपर्ने देखिएको भन्दै सचेत गराएको छ।

त्यस्तै लेखा समितिले भाटभटेनी, पानी पधेरो, मणिपाल लगायतका नीजि हस्पिटलहरु, सेल्वेज, ट्रेड महल, अन्नपूर्ण, विशाल बजार, वाटर फ्रन्ट बाराही, ग्राण्ड, हिमालयन ग्लोरी, सांग्रीला लगायतका होटलहरु र नीजि विद्यालय मदरल्याण्ड, कुमुदिनी होम्स, सेन्ट मेरीज जस्ता, बोडिङ समेतका ठूला करदाताहरुको कर सम्वन्धि लगत राख्ने, व्यवसाय दर्ता, बक्यौताको विवरण तयार गरीर असली गर्न निर्देशन दिएको लेखा समिति सभापति रानाभाटले बताए। समितिले कर बढाउन करदाता शिक्षा, कर संकलन र ब्यवसाय दर्ता अभियान सञ्चालन गर्न समेत निर्देशन दिएको लेखा समितिका सदस्यसचिव रोमनाथ उपाध्यायले जानकारी दिए।

लेखा समितिले मंगलबार महानगरको शिक्षा महाशाखा प्रमुख हेमप्रसाद आचार्य र आर्थिक विकास महाशाखा मनहर कडरियालाई कार्यालयमा बोलाई शैक्षिक क्षेत्र र कृषिका बारेमा जानकारी लिएको छ। लेखा समिति सभापति झपट रानाभाट,सदस्य बलराम पौडेल, विष्णुमणी बराल, दुर्गादेवी के.सी. थापा, रामजी प्रसाद पौडेलले शिक्षा क्षेत्रमा रहेको ब्यथितिलाई सुधारका लागि कार्ययोजना बनाएर ल्याउन विशेष निर्देशन दिएको सदस्यसचिव रोमनाथ उपाध्यायले बताए।

## आजदेखि पोखरामा 'लिटरेचर फेस्टिभल'

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ पुस**

पर्यटकीय सहर पोखरामा बुधबारदेखि दसौं संस्करणको 'नेपाल लिटरेचर फेस्टिभल' सुरु हुँदैछ।

फेवा किनारको बाराहीघाटमा छ दिनसम्म चल्ने फेस्टिभलको तयारी पूरा भएको आयोजक बुकवर्म फाउण्डेशनले जनाएको छ। प्रचारदेखि व्यवस्थापकीय तयारीका काम सकिएको फेस्टिभलका सदस्य केशवशरण लामिछानेले बताउनुभयो। 'महोत्सवस्थल तयार भइसकेको छ, अतिथि र सहभागीहरू आउने क्रम सुरु भएको छ', उहाँले भन्नुभयो। बुधबार साँझ कवि नवराज पराजुली र गायक उज्ज्वल सागरको प्रस्तुतिबाट फेस्टिभलको शुभारम्भ गरिनेछ। फेस्टिभलमा देश-विदेशका कवि, लेखक, राजनीतिज्ञ, कलाकार, सङ्गीतकर्मीलगायत गरी दुई सय बढी विशिष्ट व्यक्तिको उपस्थिति रहने आयोजकले जनाएको छ।

फेस्टिभलमा कला, साहित्य, सङ्गीत, राजनीति, अर्थतन्त्र, खेलकुदलगायत विषयमा बहस र अन्तरसम्वाद हुनेछ। पचास बढी सत्रमा सम्बन्धित क्षेत्रका विषय विज्ञ र विद्धत व्यक्ति वक्ताका रुपमा सहभागी हुने आयोजकको भनाइ छ। फेस्टिभलमा श्रीलङ्काका लेखक सेहान करुणातिलका, लेखक एवं पत्रकार अक्षय मुकुललगायत सहभागी हुँदैछन्। पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, नेताहरु गगन थापा, विश्वप्रकाश शर्मा, सिके राउत, गभर्नर महाप्रसाद अधिकारी, डा भगवान कोइरालासहित विशिष्ट व्यक्ति वक्ताका रुपमा उपस्थित हुनेछन्।

पत्रकार एवं लेखक विजय कुमार, लेखक सम्राट उपाध्याय, बुद्धिसागर, सुविन भट्टराई, सङ्गीतकार रञ्जित गजमेर, अभिनेत्री स्वस्तिमा खड्कालगायतले विधागत छलफल सत्रमाभागलिनेछन्। फेस्टिभलको सहआयोजक गण्डकी प्रज्ञा प्रतिष्ठान, प्रवर्द्धकमा पोखरा महानगरपालिका र सहयोगी संस्थाका रुपमा पोखरा प्रज्ञा प्रतिष्ठान रहेको छ।

## एमालेले आत्मविश्वास प्राप्त गरेको छ : अध्यक्ष ओली

**रासस**
**काठमाडौं, ५ पुस**

नेकपा(एमाले)का अध्यक्ष केपी शर्मा ओलीले गत मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनबाट प्राप्त भएको अभिमतले आफूहरुको मनोबल उच्च भएको र आत्मविश्वास बढेको बताउनुभएको छ।

उहाँले आफ्नो पार्टीले देशको लोकप्रिय पार्टीका रुपमा विजयी भएको र यसलाई उत्सवका रुपमा मनाएको पनि टिप्पणी गर्नुभयो। प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा पार्टीकातर्फबाट निर्वाचित सांसदहरुको सम्मान एवं बधाईका लागि आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले एमालेले नेपालको कम्युनिस्ट आन्दोलनलाई मजबुत बनाएको र राष्ट्रिय मूलधारका रुपमा स्थापित

बाँकी अन्तिम पृष्ठमा ▶▶

### वैदेशिक रोजगारमा जाँदा सचेत रहौं

- ◆ आधिकारिक कागजातका आधारमा मात्र वैदेशिक रोजगारमा जाऔं।
- ◆ आधिकारिक कागजात नहुँदा वैदेशिक रोजगारीमा जाने कामदारहरुले:
  - करारबमोजिम काम र सुविधा नपाउने,
  - विदेशी भूमिमा पीडित बन्नुपर्ने,
  - स्वदेश फर्कन कठिनाई हुने,
  - कतिपय अवस्थामा जेल सजायसमेत भोग्नुपर्ने,
  - ज्यानसमेत गुमाउनु पर्ने लगायतका अवस्था आउन सक्छन्।

नेपाल सरकार
विज्ञापन बोर्ड


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# लेखनाथ महोत्सवको तयारी पुरा

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ पुस**

पोखराको तालचोकमा विहिबार देखि सुरु हुने १८ औं संस्करणको लेखनाथ महोत्सवमा ३सय३७वटास्टलरहनेभएकाछन्।

महोत्सव लेखनाथको संस्कृति, स्थानिय उत्पादन, विकास संबृद्धि भन्ने नारा सहित यही पुष १८ गतेसम्म संचालन हुने उक्त महोत्सवमा विभिन्न व्यापारिक, हस्तकला, सेवामुलक सहित ३ सय ३७ वटा स्टलहरु रहने भएको महोत्सव स्थल तालचोकमा मंगलबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।




महोत्सवमा फुड फेष्टिवल, औधोगिक व्यापार मेला, अटोमोवाइल प्रर्दशनी, वित्तीय, सेवामुलक, स्थानिय क्षेत्रमा उत्पादित बस्तु, सुन्तला, माछा, मौरी, कफि, दुग्ध उत्पादन सहित विभिन्न व्यापारीक स्टलहरु रहने भएको आयोजक लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष छत्रधर आत्रेयले बताए । महोत्सवमा शिक्षा, स्वास्थ्य, खेलकुदका सामाग्रीको साथमा सूचना प्रविधि तथा संचार उपकरणहरु पर्यटन र लेखनाथ क्षेत्रका गतिविधिहरु समेत समेटिने भएको उनले जनाए।

१२ दिन चल्ने महोत्सवमा २ लाख ५० हजार दर्शक भित्राउदै १० करोड बराबरको आर्थिक कारोवार हुने अपेक्षा गरिएको अध्यक्ष आत्रेयले बताए। सगरमाथा इस्न्योरेन्स कम्पनीको मुख्य प्रायोजनमा हुने उक्त महोत्सवले कोभिड १९ र रुस र यूक्रेन बिचको युद्धले प्रभावित भएको अर्थतन्त्रलाई थोरै भए पनि चलायमान बनाउने आफुहरुले अपेक्षा गरेको उनले जनाए । राष्ट्रिय बाणिज्य बैंकको सहप्रयोजनमा संचालन हुने महोत्सवमा घरेलु तथा नेपाली परम्परागतका हस्तकला एवं उद्योगहरुलाई प्रबर्द्धन गर्न करिब १० वटा स्टल निःशुल्क व्यबस्था मिलाएको महोत्सवका प्रचार प्रसार संयोजक राजेन्द्र ओभ्राले बताए।

ल े ख न ा थ उद्योग वाणिज्य संघले २०५८ सालदेखि सुन्तला प्रदर्शनीबाट सुरु गरेको महोत्सवलाई समयानुकूल परिस्कृत र परिमार्जन गर्दै २०६१ सालदेखि वार्षिक रूपमा लेखनाथ महोत्सव गर्दै आएको संघले जनाएको छ । महोत्सवबाट ९५ लाख आम्दानी हुने र ८५ लाख खर्च भई १० लाख बचत हुने संघले अपेक्षा गरेको छ । बचत रकमबाट प्रदर्शनीस्थल र संघको भवनको स्तरोन्नति, औद्योगिक क्षेत्र निर्माणका लागि पहल एवं सहयोग, कवि शिरोमणि लेखनाथ पौडयालको जन्मस्थल विकास र बेगनासताल, रुपाताल लगायतका पर्यटकीय स्थलहरूको प्रवर्द्धनमा खर्च गरिने योजना रहेको प्रचार संयोजक ओभ्राले बताए ।

महोत्सवले देशको अर्थतन्त्रलाई चलायमान बनाउँदै उत्पादक र उपभोक्तालाई एउटै थलोमा जमघट गरी यस क्षेत्रको आर्थिक गतिविधि बढाउन, औद्योगिक उत्पादन, लघुघरेलु तथा साना उद्योगहरूको प्रवर्द्धन, आवश्यक ज्ञान, सीप, उद्यमशीलता र प्रविधि हस्तान्तरण गर्ने योजना रहेको उनले जनाए। राष्ट्रिय तथा अन्तर रािष्ट्रिय मुलुकमा उत्पादित उपभोग्य वस्तु तथा सेवाहरूको प्रवर्द्धन, जातीय, भेषभूषा, कला संस्कृति, रितिरिवाजको जगेर्ना गर्ने, आन्तरिक एवं बाह्य पर्यटक आकर्षण गरी आन्तरिक पर्यटनलाई सहयोग पुऱ्याउने समेत लक्ष्य लिएको छ ।

महोत्सवमा साहित्य, महिला विशेष, विद्यालयस्तरीय, सांस्कृतिक, आदिवासी, जनजाति विशेष कार्यक्रम, जैविक विविधता, कृषि तथा पशुपंक्षी प्रदर्शनी, सूचना प्रविधि, शैक्षिक प्रर्दशनी, हस्तकला, जातजातिहरूको सम्मानमा लोप हुन लागेका रितिरिवाज तथा संस्कृति भल्काउने उत्कृष्ट नृत्य प्रदर्शनी रहने छन् । महोत्सवमा ख्याति प्राप्त हास्य व्यंग्य कलाकारको दैनिक प्रस्तुति, बाल उद्यान, खाना महोत्सव, राष्ट्रिय लोक दोहोरी गीत, लाइभ म्युजिक कन्सर्ट थप आर्कषणका रूपमा रहने छन् ।

पोखराको सडक महोत्सवसंग लेखनाथ महोत्सव एकै समयमा पर्ने गर्दा असर पर्छ की भन्ने पत्रकारको प्रश्नमा अध्यक्ष आत्रेयले कवि लेखनाथको जन्मको अवसरमा, तमुहरुको महान पर्व ल्होछार पर्व र क्रिसमस पर्व लक्षित आफुहरुले यसै मितिमा गर्नु पर्ने बाध्यता रहेको बताए । पोखरा सडक महोत्सव गर्ने रेवान पोखरासंग आफुहरुको सहकार्य हुने गरेको एक अर्कोलाई सहयोग भएको समेत उनले जनाए।

# होमस्टे सञ्चालक भन्छन् : 'अब स्थानीय परिकारलाई प्राथमिकता दिन्छौं'

**पोखरापत्र संवाददाता**
**वालिङ, ५ पुस**

घरबास (होमस्टे) भन्नासाथै शहरिया परिवेशभन्दा छुट्टै गाउँले परिवेश भन्ने लाग्छ । बजारको कोलाहल तथा आयातित् खाद्यान्नको भरमा गाउँले परिवेशलाई बचाइ राख्नका लागि गाउँ-गाउँमा घरबास खोलिएका छन् । विशुद्ध गाउँले जनजीवन, अर्गानिक तथा स्थानीय खानाका परिकार, स्वागत सत्कार गर्ने तौर तरिका यहाँ फरक छन् ।

घरबासमा गएपछि त विशुद्ध स्थानीय परिकार, अर्गानिक परिकार हुन्छन् भन्ने पाहुनाको सोंच सबै ठाउँमा मिल्दैन । गाउँमा घरबास सञ्चालन हुन्छन् तर परिकार सबै गाउँभन्दा बाहिरबाट आयात हुन्छन् । स्थानीय उत्पादन, स्थानीय परिकार देखिँदैनन् ।

घरबासमा आउने पाहुनालाई सकेसम्म स्थानीय परिकारका स्वाद चखाउने र सामग्रीको प्रयोग गरेर स्वागत सत्कार गर्ने तथा स्थानीयस्तरमा निर्माण भएका सामग्री उपहारस्वरुप उपलब्ध गराउने वा बिक्री गर्ने लक्ष्यसहित स्याङ्जाको वालिङ नगरपालिका- ४ सुन्तलाबारी सामुदायिक होमस्टे सञ्चालकलाई प्रयोगात्मक प्रशिक्षण गरिएको छ । वालिङ नगरपालिका, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) र दियालो संस्थाको सहकार्यमा सुन्तलाबारीमा हरित पुनःउत्थान कोभिड १९ र उद्धार प्रतिकार्य पहल परियोजना अन्तर्गत 'इको होमस्टे' मा परिणत गर्न लागिएको हो। स्थानीयस्तरमा उत्पादन भएका खाद्यान्नको प्रयोग गर्ने, व्यक्ति, भान्छाकोठा तथा समुदायको सरसफाइमा ध्यान दिने, स्वागत सत्कार गर्ने तरिका, कुनैपनि खाद्यान्नलाई बालीदेखि थालीसम्म पुऱ्याउँदा ध्यान दिनुपर्ने विषयकाबारेमासामूहिकरुपमाप्रयोगात्मक प्रशिक्षण प्रदान गरिएको हाईगेट कलेज पोखराका प्रशिक्षक प्रिन्स गुरुङले बताउनुभयो । "घरबासमा आउने पाहुनालाई उहाँहरुले आ-आफ्नै तरिकाले स्वागत सत्कार गर्ने, खाना बनाएर खुवाउने लगायतका कार्य पहिलैदेखि गर्दै आउनुभएको थियो", उहाँले भन्नुभयो, "जसरी जान्नुभएको थियो त्यसरी नै गर्नुहुन्थ्यो, पाँच दिनको प्रयोगात्मक प्रशिक्षणपश्चात थप व्यवस्थित हुने भएको छ ।" बजारका भन्दा स्थानीयस्तरमा उत्पादन भएका खाद्यान्नको प्रयोगमा जोड दिने प्रतिबद्धता ब्यक्त भएकाले पनि अबका दिनमा स्थानीय परिकार धेरै पाउन सकिने उहाँको भनाइ थियो । आफ्नै खेतबारी, बन जङ्गलमा त्यसै खेर गईरहेका खाद्य वस्तुकाबारेमा ज्ञान नभएकाले पनि समस्या भएको सुन्तलाबारी सामुदायिक होमस्टेका अध्यक्ष डिलबिक्रम गुरुङ बताउनुहुन्छ । "आफ्नै खेतबारी तथा वन जङ्गलमा भएका र खान हुने वस्तुको प्रयोग कसरी गर्ने भन्ने जानेकै रैनछौं", उहाँले भन्नुभयो, "पाँचदिनसम्म सामूहिकरुपमा अभ्यास गऱ्यौं, सिक्यौं अब जान्यौं, जानेका कुरालाई कार्यान्वयनमा उतार्छौं ।"

बजारबाट गाउँमा खाद्यान्न आयात गर्दा गाउँको रकम बजारतिर पलायन हुने र गाउँ बजारमुखी हुने भएकाले स्थानीय स्तरमा उत्पादित खाद्यान्नको परिकार खुवाउने लक्ष्यसहित काम अगाडि बढाएको उहाँले दावी गर्नुभयो । होमस्टेलाई फरक र नौलोपन दिनुपर्छ भन्ने मुख्य उद्देश्यसहित अगाडि बढ्नेक्रममा अन्योल भएपनि अब त्यो अन्योल हटेर गएको घरबासका उपाध्यक्ष खेमराज गुरुङले बताउनुभयो । "हाम्रै वरिपरी विभिन्न खाद्यान्न छन्, जसको प्रयोग गर्न नजान्दा त्यसै खेर गईरहेका छन्", उहाँले भन्नुभयो, "प्रयोग गर्न नजान्दा खेर त गए, गए अभ्र त्योभन्दा महत्वपूर्ण त भएका खाद्यान्नको पकाउने, खाने, उत्पादन गर्ने विधि, व्यक्तिगत वा समुदायको सरसफाई, पाहुनालाई गाउँमा स्वागत सत्कारलाई थप ब्यवस्थित गर्न सकिने भएको छ ।" बजारबाट खाद्यान्न आयात गर्ने र त्यही खाद्यान्न पाहुनालाई खुवाउने गरिएकोमा अब त्यसलाई निरुत्साहित गरी स्थानीय स्तरमै उत्पादन गरिएका खाद्यान्नहरुलाई बढी प्राथमिकता दिईने स्थानीय चीनमाया गुरुङले बताउनुभयो । "गाउँमै उत्पादन भएको खाद्यान्न पाहुनालाई खुवाउन पाए हुन्थ्यो भन्ने त लाग्थ्यो", उहाँले भन्नुभयो, "तर त्यसकाबारेमा पर्याप्त जानकारी नहुँदा सकिएको थिएन, अब धेरै सिक्यौं, फरक पन पक्कै पनि आउनेमा हामी विश्वस्त छौं ।" कोदोको ढिंडो पहिला पनि पकाएको तर अझै राम्रो तरिका अर्को पनि रैछ । यस्ता उदाहरणहरु अरु पनि धेरै भएको उहाँले सुनाउनुभयो । सो तालिममा कोदो, मकै, गहुँको रोटी, ढिंडो, आलु चिप्स, सुन्तलाको जाम, मेवाका परिकार, सलाद, टिमुर, सिस्नो, मरिच लगायतको छोप, गाजरको हलुवा, साँधेको मेवा, मुला, बन्दाका परिकार, गुन्द्रुक, भटमास लगायतका धेरै परिकारहरु बनाउन सिकाइएको थियो ।

# जय नेपाल टोल विकास संस्थाको अध्यक्षमा निर्मला

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ पुस**



पोखरा महानगरपालिका वडा न १३ स्थित जय नेपाल टोल विकास संस्थाको चौथो अधिवेशनवाट निर्मला पौडेल क्षेत्रीलाइ अध्यक्ष पदमा चयन गरेको छ।

हालै भएको अधिवेशनबाट उपाध्यक्षमा गम्बिर थापा, सचिवमा कुम गुरुङ, कोषाध्यक्षमा रेखा कुमारी गुरुङ त्रिपाठी चयन भएका छन् । त्यसैगरी सदस्यहरुमा क्रमश सन्ध्या सिग्देल, खेम वहादुर गुरुङ, मनिष गुरुङ, याम वहादुर गुरुङ र सुन कुमारी गुरुङ रहेका जय नेपाल टोल विकास संस्थाका निवर्तमान सचिव युवराज त्रिपाठीले पोखरापत्रलाई वताए।

# तातोपानी कुण्डमा स्नान गर्नेको घुइँचो

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ५ पुस**

बेनी नगरपालीका-४ मा रहेको प्राकृतिक तातोपानीको कुण्डमा स्नान गर्नेको घुइँचो लागेको छ । वीरेनुनको गन्ध आउने पानी संकलन गरिएको पोखरीमा स्नान गरेर छाला, ग्यास्ट्रिक, बाथ, चोटपटक लागेको स्वास्थ्य समस्या निको हुने जनविश्वास छ ।

चाप बढेपछि दैनिक दुई/दुई घण्टाका दरले पुरुष र महिलालाई दुई/दुई वटा समूह बनाएर स्नान गर्ने व्यवस्था मिलाइएको सिङ्गा तातोपानी कुण्ड व्यवस्थापन समितिका अध्यक्ष वीरेन्द्रमान शाक्यले बताउनुभयो । 'चिसो बढेसँगै तातोपानी स्नानका लागि आउने बिरामीको अतिरिक्त पर्यटकको पनि चाप बढेको छ', उहाँले भन्नुभयो, 'सहजरूपमा स्नानको व्यवस्थाका लागि महिला र पुरुषलाई स्नान गर्ने फरक-फरक समयतालिका बनाएका हौं ।' प्राकृतिक उपचारस्थलका रूपमा परिचित तातोपानीमा स्नानका लागि देशभरका नागरिकका साथै विदेशबाट पनि मानिस आउने गर्छन् ।

# राष्ट्रपतिबाट ज्येष्ठ सदस्य राणालाई शपथ गराउनु हुने

**रासस**
**काठमाडौं, ५ पुस**

राष्ट्रपति विद्यादेवी भण्डारीले संघीय संसद् प्रतिनिधिसभाका नवनिर्वाचित ज्येष्ठ सदस्य पशुपति सम्सेर जबरालाई पद तथा गोपनीयतको शपथ गराउनु हुने भएको छ।

राष्ट्रपति भवन शीतल निवासमा बुधबार दिउँसो राष्ट्रपतिसमक्ष ज्येष्ठ सदस्य राणाले शपथ लिन लाग्नुभएको हो । नागरिकताको प्रमाणपत्र अनुसार, ज्येष्ठ सदस्य राणाको जन्म विसं १९९८ मंसिर २४ गते रहेको संसद् सचिवालयका सहप्रवक्ता दशरथ धमलाले जानकारी दिनुभयो ।

प्रतिनिधिसभाको सभामुख र उपसभामुखको निर्वाचन नभएको वा दुवै पद रिक्त भएको अवस्थामा प्रतिनिधिसभाको बैठकको अध्यक्षता उपस्थित सदस्यमध्ये उमेरका हिसाबले ज्येष्ठ सदस्यले गर्ने संवैधानिक व्यवस्था छ । सभामुखको चयन नहुँदाका बखत प्रतिनिधिसभाको अध्यक्षता गर्ने ज्येष्ठ सदस्यले अरु सदस्यलाई शपथ दिलाउनुपर्छ । सो व्यवस्थाअनुरुप ज्येष्ठ सदस्य राणाले नयाँ बानेश्वरस्थित संसद् भवनमा नव निर्वाचित अन्य सदस्यलाई यही पुस ७ गते दिनको १ बजे शपथ गराउनु हुने संघीय संसद् सचिवालयले जनाएको छ।

# एमालेले...

गरेको धारणा राख्नुभयो । हालै सम्पन्न निर्वाचनमा केही स्थानमा कमी कमजोरी पनि देखिएका बताउँदै आगामी दिनमा सुधार गरेर लोकतान्त्रिक प्रणालीको सुधारमा लागिपर्नुपर्नेमा उहाँले जोड दिनुभयो । अध्यक्ष ओलीले आफ्नो पार्टीले प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा पराजित नभएको र आगामी दिनमा सुखी नेपाली र समृद्ध नेपाल निर्माण निर्माणका लागि आत्मविश्वासका साथ अगाडि बढ्ने पनि बताउनुभयो ।

नेपाली जनताले आफ्नो पार्टीलाई कूल सात प्रदेशमध्ये छ वटा प्रदेशमा १ नम्बरको पार्टी बनाएको भन्दै उहाँले प्रसन्नता व्यक्त गर्नुभयो । निर्वाचनपछि पनि देश राजनीतिक अराजकतातर्फ गएको र आर्थिक हिसाबले सम्हाल्नै नसक्ने अवस्थामा पुगेको भन्दै उहाँले एमालेका जनप्रतिनिधिले वास्तविक अर्थमा भूमिका खेल्न आग्रह गर्नुभयो । अध्यक्ष ओलीले नयाँ जनादेशपछि सहजरुपमा सरकार गठन हुनुपर्नेमा त्यस्तो अवस्था नदेखिएको तथा उत्पन्न भएको अलमलले देशको हित नगर्ने भन्दै त्यस्तो गतिविधिमा आफूहरु संलग्न नहुने बताउनुभयो । लोकतन्त्रमा गलत मानसिकता स्थापित हुन थालेकामा चिन्ता व्यक्त गर्दै उहाँले मर्यादित र अनुशासित प्रणालीको विकास हुनुपर्नेमा जोड दिनुभयो । पूर्वप्रधानमन्त्री ओलीले मुलुकको अर्थतन्त्रमा समस्या खडा भएको, बेरोजगारी बढेको, बैंक तथा वित्तीय संस्थामा कर्जा प्रवाह गर्ने अवस्था नभएको आरोप लगाउँदै त्यसप्रति आफूहरु चिन्तित रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा एमालेका उम्मेदवारलाई विजयी गराउने जिल्ला अध्यक्षलाई अध्यक्ष ओलीले सम्मान गर्नुभएको थियो । यस्तै निर्वाचनमा सबैभन्दा बढी मतान्तरले विजयी हुनुभएका अध्यक्ष ओलीलाई पनि ज्येष्ठ कम्युनिस्ट मञ्चका सदस्य विजयलाल श्रेष्ठले सम्मान गर्नुभएको थियो ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रवन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्नै गर ।

- पल क्लियरोई

## सम्पादकीय

# कांग्रेस नेतृत्वलाई चुनौती

नेपाली कांग्रेस संसदीय दलको नेतामा निर्वाचन हुने भएको छ । पार्टी सभापति शेरबहादुर देउवाविरुद्ध महामन्त्री गगन थापाको उम्मेदवारीले कांग्रेसको संसदीय दलको निर्वाचन रोचक देखिएको छ । संस्थापन पक्षबाट संसदीय दलमा देउवा सुरुदेखि एक मात्र आकांक्षी थिए । संस्थापनइतर पक्षबाट महामन्त्री गगन थापासहित नेता शेखर कोइराला पनि आकांक्षी देखिएका थिए। संस्थापन इतरमा एउटै नदेखिदा संस्थापन पक्ष संसदीय निर्वाचनको सुरुदेखि हौसिएको थियो । मंगलबार उम्मेदवारी मनोनयन अगाडि देखिएको परिदृश्यले सभापति देउवाको 'शक्ति' माथि पचुनौती खडा भएको छ ।

बुधबार हुने निर्वाचनमा सभापति देउवा संसदीय दलको नेतामा निर्वाचित भएपनि पार्टीमा उनको विगत ७ वर्षदेखिको शक्तिमा ह्रास आउने निश्चित भएको छ । मंगलबार संसदीय दलको उम्मेदवार मनोनयनअघि दुई महामन्त्री एकसाथ देखिए भने १४औं महाधिवेशनमा संस्थापन पक्षबाट महामन्त्रीका लागि चुनाव लडेका प्रदीप पौडेल पनि इतर पक्षमा खुलेका छन् । काङ्ग्रेसको प्रभावशाली युवाहरू गगनको पक्षमा खुलेका छन् । २०७४ को निर्वाचनमा देउवाको नेतृत्वमा कांग्रेस पराजित भएपछि उनको प्रतिरक्षा गर्ने उद्देश्यले पार्टी प्रवक्ता बनाइएका अहिलेका महामन्त्री विश्वप्रकाश शर्मा मंगलबार औपचारिक रुपमा संस्थापनइतर समूहमा लागेका छन् ।

देउवाले उम्मेदवार छानदा ७० प्रतिशत हाराहारीमा आफ्नो पक्षका नेताहरूलाई टिकट दिएका थिए । जसकारण उनलाई गणितीय रुपमा संसदीय दलको निर्वाचन धेरै महंगो नपर्न सक्ने आकलन संस्थापन पक्षको छ । तर, १४औं महाधिवेशनमा देउवाले पार्टीभित्र 'होल्ड गरेको शक्ति' मा भने क्षयीकरण देखिएको छ । १४ औं महाअधिवेनमा सभापति देउवासँगै शेखर कोइराला, प्रकाशमान सिंह र विमलेन्द्र निधि नेतृत्वको दौडमा उभिएका थिए । दोस्रो चरणमा देउवा र कोइरालाबीच मात्र प्रतिस्पर्धा भएको थियो । पहिलो चरणका प्रतिस्पर्धीहरू सिंह र निधि देउवातिर खुलेका थिए । तर, प्रकाशमान सिंहको समूहबाट महामन्त्री जितेका विश्वप्रकाश मात्र होइन, महाधिवेशनको क्रममा आफ्नो समूह देउवातिर विलय गराएका कृष्णप्रसाद सिटौला पक्षका नेता प्रदीप पौडेल पनि इतर पक्षमा खुलेका छन्। पौडेल १४औं महाधिवेशनमा देउवा प्यानलबाटै महामन्त्रीको उम्मेदवार बनेका थिए ।

संस्थापन पक्षले इतर समूह संसदीय दलको निर्वाचनमा फुट्न सक्ने र भने कमजोर हुने आकलन गरेका थिए। तर, त्यसो भएन। मंगलबार संसदीय दलको उम्मेदवारी मनोयन गर्ने क्रममा यो समूह झनै शक्तिशाली भएर आएको छ। यसले भोलिका दिनमा पार्टी राजनीतिमा असर पर्ने देखिन्छ । जुन कुरा महामन्त्री शर्माले समेत मंगलबार प्रष्ट्याएका उनले हालै सम्पन्न निर्वाचनले नागरिकले प्रमुख दलहरूभित्र व्यापक परिवर्तन खोजेको सन्देश दिएको भन्दै त्यो संसदीय दलबाटै सुरु गर्ने आफ्नो मत रहेको बताए । केही दिन अगाडि शर्माले सभापति देउवा र उपसभापति पूर्णबहादुर खड्कालाई पनि पार्टीमा रुपान्तरण र पुस्तान्तरण गर्न सुझाएका थिए ।

संसदीय दलको निर्वाचनमा देखिएका अर्का नेता प्रदीप पौडेलले पनि निर्वाचनको परिणामले दलहरूले आफूमा सुधार नगरे अस्तित्व नै संकटमा पर्ने खतरा देखाएको टिप्पणी गरे। काठमाडौं-५ बाट प्रतिनिधि सभामा निर्वाचित भएका पौडेल निर्वाचनबाट राष्ट्रिय स्वतन्त्र पार्टीको उदय सांकेतिक रहेको भन्दै पुराना नेतृत्वहरू अभिभावक बनेर बस्ने बेला आएको बताउने गरेका छन । 'पार्टीमा सुधार र परिवर्तनको व्यापक खाँचो देख्नेहरु महामन्त्री गगन थापाको सर्मथक देखिएका छन । कांग्रेसमा देउवाको ८० प्रतिशत पकड भनिएको संसदीय दलमा जवर्जस्त चुनौती खडा भएको छ। कांग्रेसमा पुस्तान्तरण र नेतृत्व परिवर्तन चाहनेको संकेत बुझ्नु जरुरी छ ।

# 'सिटामोल र जीवनजलका लागि पाँच घण्टा धाउनुपर्दैन'

पोखरापत्र संवाददाता

गोरखा, ५ पुस

विकट उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका-३ स्थित न्याकमा सामुदायिक स्वास्थ्य एकाइ स्थापना गरिएको छ । गाउँपालिकाले स्वास्थ्यकर्मी र औषधिको व्यवस्थापन गरेर विकट न्याकमा स्वास्थ्य एकाइ सञ्चालनमा ल्याएको गाउँपालिकाका अध्यक्ष निमा लामाले जानकारी दिनुभयो ।

स्वास्थ्य एकाइ नहुँदा स्थानीय बासिन्दा सिटामोल र जीवनजलका लागि समेत झण्डै पाँच घण्टाको बाटो धाउनुपर्ने बाध्यता रहँदै आएको थियो । एकाइ स्थापना भएसँगै न्याकवासीको आधारभूत स्वास्थ्य सेवामा सहज पहुँच पुगेको गाउँपालिकाका अध्यक्ष लामाको भनाइ छ ।

"न्याकवासीलाई आधारभूत स्वास्थ्योपचारका कठिनाइ थियो", उहाँले भन्नुभयो, "गाउँपालिकालेपालिकावासीमा आधारभूत स्वास्थ्योपचारको सहज पहुँच पुऱ्याउने लक्ष्यअनुसार एकाइ स्थापना गरिएको हो ।" न्याकमा ४० घरपरिवारको बसोबास रहेको जनाइएको छ ।

"त्यहाँका बासिन्दा सामान्य स्वास्थ्योपचारका लागि समेत गाउँपालिकाको केन्द्र रहेको फिलिमसम्म आउनुपर्ने बाध्यता थियो", उहाँले भन्नुभयो, "गाउँपालिकाले आवश्यक स्वास्थ्यकर्मीसमेतको व्यवस्था गरी न्याकमै औषधिसहित एकाइ स्थापना गरेपछि अब घरआँगनमा उपचार सेवा पाउने भएका छन् ।"

अध्यक्ष लामाले न्याकमा स्वास्थ्य एकाइ स्थापना हुनु स्थानीय बासिन्दाका लागि मात्र नभएर समग्र गाउँपालिका समेत खुसीको कुरा भएको बताउनुभयो । गाउँपालिका तथा वडा कार्यालयबाट समेत भौगोलिक हिसाबले टाढा पर्ने स्थानीयवासीले लामो समयदेखि स्वास्थ्यचौकी स्थापना गर्न माग गर्दै आएका थिए ।

# वडामै योजना सम्झौता : समय र खर्चको बचत

पोखरापत्र संवाददाता

म्याग्दी, ५ पुस

भौगोलिकरूपमा विकट र दुर्गम क्षेत्रमा अवस्थित म्याग्दीको धवलागिरि गाउँपालिकाले वडामै पुगेर उपभोक्ता समितिसँग योजना सम्झौता गर्न थालेको छ ।

वडामै योजना सम्झौता हुँदा उपभोक्ता समितिलाई झन्झट हट्नुका साथै समय र खर्चको बचत भएको छ। गाउँपालिकाको केन्द्र मुनामा पुगेर योजना सम्झौता गर्न अपायक पर्ने वडा नं ६ मराङ र ५ मल्कवाङका उपभोक्ता समितिलाई लक्षित गरेर सोमबारदेखि घुम्ती शिविर सञ्चालन गरेको छ ।

मराङमा चालु आर्थिक वर्षमा बजेट विनियोजन भएका १८ वटा योजनाको वडा कार्यालयमा सम्झौता गरिएको वडाध्यक्ष राजाराम सुवेदीले जानकारी दिनुभयो । मङ्गलबार मल्कवाङको वडा कार्यालयमा घुम्ती शिविर सञ्चालन गरेर योजना सम्झौता गरिने भएको छ । वडामै योजना सम्झौताहुँदाउपभोक्तासमितिका पदाधिकारीलाई पालिकामा जाने आउने समय, झन्झट हट्नुका साथै व्ययभार घटेको अर्वाङ-थापाघडेरी मोटरबाटो निर्माण समितिका अध्यक्ष पदमबहादुर गर्बुजाले बताउनुभयो ।

"मुना पुग्न, काम गर्न र फर्कन उपभोक्तालाई कम्तीमा दुई दिन लाग्ने गर्छ", उहाँले भन्नुभयो, "वडामै योजना सम्झौता भएपछि एउटा उपभोक्ता समितिका कम्तीमा तीन जनाको पालिका जाने आउने समय र खर्च बचत भएको छ ।"

मराङ र मल्कवाङका बासिन्दालाई धवलागिरिको केन्द्र मुनामा पुग्न मालिकाको केन्द्र दरबाङ धारापानी ताकम हुँदै घुमाउरो यात्रा गर्नुपर्छ । पालिकाको आर्थिक कारोबार हुने प्रभु बैंकको शाखा ताकममा छ । मुनामा बैंकको शाखा नभएकाले खाता खोल्ने र आर्थिक कारोबारका लागि ताकम पुग्नुपर्छ । पालिकाको केन्द्र र बैंकको शाखा एकै ठाँउमा नहुँदा मल्कवाङ, मराङ र ताकमका सेवाग्राहीलाई झन्झटपूर्ण उल्टो यात्रा गर्नुपर्छ । मराङ र मल्कवाङका उपभोक्तालाई आर्थिक कारोबार गर्न ताकमभन्दा दरबाङमा रहेको बैंकको शाखाबाट सजिलो र पायक पर्छ ।

पालिकाको आर्थिक कारोबार हुने प्रभु बैंकको शाखा ताकममा छ । मुनामा बैंकको शाखा नभएकाले खाता खोल्ने र आर्थिक कारोबारका लागि ताकम पुग्नुपर्छ । प्रमुख प्रशासकीय अधिकृत ध्रुव रिजालको नेतृत्वमा योजना शाखाका रमेश पौडेल, लेखा शाखाका तिलक पौडेल, पूर्वाधार शाखाका लोकेन्द्र रावल, जनक धानुकको टोली घुम्ती शिविर लिएर मराङ पुगेको हो । वडाका अध्यक्ष, सचिव र जनप्रतिनिधिले सहजीकरण तथा समन्वय गर्नुभएको छ । प्राविधिक टोलीले यसअघि नै योजनाको लागत अनुमान र डिजाइन तयार पारेका थिए ।

सबै प्रक्रिया पूरा गरेर योजना सम्झौता गरी पायक पर्ने ठाउँको बैंकको शाखामा गएर खाता खोल्न सिफारिस गरी पेश्की उपलब्ध गराउने व्यवस्था मिलाइएको छ । योजना सम्झौता गर्न आएका उपभोक्ता समितिका पदाधिकारीलाई प्राविधिक, लेखा व्यवस्थापन र प्रशासनिक प्रक्रियाका विषयमा परामर्श पनि दिइएको प्रशासकीय अधिकृत रिजालले बताउनुभयो । आवश्यकता र मागका आधारमा अन्य वडामा पनि योजना सम्झौता गर्न जान सकिने प्रशासकीय अधिकृत रिजालले बताउनुभयो । ठूला योजना ठेक्का प्रक्रिया अघि बढाउन र उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्ने योजना सम्झौतामा तीव्रता दिइएको छ ।

चालु आर्थिक वर्षमा एक सय २० वटा पूर्वाधारसम्बन्धी योजना छनोट गरेको धवलागिरि गाउँपालिकाले चारवटा ठेक्का सम्झौता गरेको छ । अन्य उपभोक्ता समितिसँग पनि सम्झौता गरी कार्यान्वयन थालिएको प्रशासकीय अधिकृत रिजालले बताउनुभयो ।

# एघारौं पोखरा महोत्सवमा युथ कम्युनिटी क्लबले सहकार्य गर्ने

पोखरापत्र संवाददाता

पोखरा, ५ पुस

युनाईटेड क्लबको आयोजनामा आगामि पुषको २९ देखि माघको ९ गते सम्म पोखराको अमरसिंह चौरमा आयोजना गर्ने एघारौं संस्करणको पोखरा महोत्सवमा युथ कम्युनिटी क्लवले सहयोगी संस्थाका रुपमा रहेर सहकार्य गर्ने भएको छ ।

युवा व्यवसायीहरुबीच साथ, सहयोग र सहकार्यको लागि स्थापित युथ कम्युनिटी क्लवले विगत ४ वर्ष अगाडि पोखराबाट स्थापित क्लवले हाल पोखरा मात्र नभइ नेपालभर र विदेशमा समेत सदस्य विस्तार गर्दै आएको क्लवले एघारौं पोखरा महोत्सवमा सहयोगी संस्थाको रुपमा रहेर सहकार्य गर्ने सम्झौता भएको हो ।

मंगलवार एक कार्यक्रमका बीच महोत्सव आयोजक युनाईटेड क्लवका कार्यसमिति सदस्य तथा एघारौं पोखरा महोत्सवका व्यानर व्यवस्थापन संयोजक जयराम आचार्य र युथ कम्युनिटी क्लवका केन्द्रीय अध्यक्ष पूर्ण कुमार श्रेष्ठ, कास्की जिल्ला अध्यक्ष शोभित बराल र कास्की जिल्लाका कोषाध्यक्ष नविन श्रेष्ठ बीच सम्झौता पत्रमा हस्ताक्षर गरी एक अर्काबीच सहकार्य गर्ने निर्णय भएको हो । सम्झौता पत्रमा हस्ताक्षर गर्दै युथ कम्युनिटी क्लवका केन्द्रीय अध्यक्ष पूर्ण कुमार श्रेष्ठले युवा व्यावसायीहरुबीच साथ, सहयोग र सहकार्यको लागि 'युथ कम्युनिटी क्लव' भन्ने मुल नाराको साथ नेपालभरका युवा ब्यवसायीहरुलाई एकीकृत गर्दै आइरहेको युथ कम्युनिटी क्लवले युनाईटेड क्लव संग सहकार्य गर्न पाउदा खुसी लागेको वताए । युथ कम्युनिटी क्लवले पारिवारीक र निर्वाहमुखी ब्यवशायलाई विविधिकरण, औद्योगिक एवं प्रतिस्पर्धी र दीगो बनाउन प्रभावकारी सेवा प्रवाह गर्दै एकल तथा सामुहिक लगानी बृद्धिमा सहजीकरण गर्दै विदेश पलायन भएका तथा बेरोजगार तथा युवा जनशक्तिलाई नेपालमै आत्मनिर्भर एवं उद्यमशील समाजको निर्माण गर्न युथ कम्युनिटी क्लव लागि परेको श्रेष्ठले वताए ।

त्यसैगरी क्लवले युवा ब्यवशायीहरुलाई लक्षित गरी विभिन्न तालिम, गोष्ठी, सेमिनार, फेलोशिप्स मार्फत सफल उद्यमीहरू उत्पादन गर्ने, एकअर्का बीच विचार विमर्श , मित्रता कायम गराउने, व्यवसायी सदस्यहरु बीच रहेका आफ्ना ज्ञान, सीप, क्षमता अभिवृद्धिका लागी सधै तत्पर र क्रियाशिल रहने, देश भित्र विभिन्न व्यवसाय गरिरहेको युवाहरुलाई सस्थामा समावेश गराउने, जोखीम निवारणको लागी विपत व्यावस्थापन कोर्ष स्थापना गर्ने , व्यावसायको प्रोमोशन, व्यावसाय रिसर्च, व्यावसायको छलफल, बदलिदो र विकशित अर्थतन्त्रमा हरेक क्षेत्रका व्यावसायीहरु स्थापित गर्ने लक्ष रखेको छ । । देश बिदेशका युवाहरुबीच साथ, सहयोग र सहकार्य गरि समय समयमा व्यावसायको बारेमा विचार आदानप्रदान कार्यक्रमहरु सचालन गर्ने समेत क्लवले जनाएको छ ।

सो अवसरमा वोल्दै युनाईटेड क्लवका कार्यसमिति सदस्य तथा एघारौं पोखरा महोत्सवका व्यानर व्यवस्थापन संयोजक जयराम आचार्यले युनाईटेड क्लवले आयोजना गर्ने पोखरा महोत्सव विभिन्न संघ संस्थाहरुको सहयोगमानै सम्पन्न हुदै आइरहेको वताउदै संघ संस्थाहरु बीच सहकार्य गेरर युनाईटेड क्लव सधैं अगाडि वढिरहेको वताए । एघारौं संस्करणको पोखरा महोत्सवको सम्पूर्ण तयारी तीव्र रुपमा अगाडि वढि रहेको र छिट्टै नै पोखराका विभिन्न संघ संस्थाहरु संग बृहत छलफल गरी महोत्सवलाई भब्य र सभ्य बनाउन लागि पर्ने महोत्सव प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए ।

# सिसी क्यामेराविहीन भयो बागलुङ बजार

पोखरापत्र संवाददाता

गलकोट, ५ पुस

विसं २०७१ मा बागलुङ बजारमा जडान गरेका २९ सिसी क्यामेरा अहिले प्रयोगमा छैनन् । बागलुङ नगरपालिका, जिल्ला प्रहरी कार्यालय र बागलुङ उद्योग वाणिज्य सङ्घको समन्वयमा जडान गरिएका ति सिसी क्यामेरा समयमै मर्मत सम्भार नहुदा काम नलाग्ने भएका हुन् ।

विसं २०७५ मा २९ मध्ये १६ सिसी क्यामेरा बिग्रिएका थिए भने अहिले एउटा सिसी क्यामेरासमेत सञ्चालन नआउँदा जिल्ला सदरमुकामा सुरक्षा चुनौती बढेको छ । बागलुङ बजारमा चोरी डकैतीका घटना बढ्न थालेपछि नियन्त्रका लागि अत्यावश्यक बनेको सिसी क्यामरा नहुँदा समस्या छ । अपराध निरन्त्रणका साथै चोरी डकैतीका घटना बाहिर ल्याउन तथा अदालतलेसमेत सिसी क्यामेराको दृश्यलाई भरपर्दो प्रमाणका रुपमा लिने गरिएको छ ।

सुरक्षा व्यवस्थामा सहजता ल्याउन जडान गरिएका सिसी क्यामेरा यथासक्य छिटो सञ्चालनमा ल्याउनुपर्ने स्थानीय प्रशासनको माग छ । अपराध नियन्त्रण र सामाजिक सुरक्षाको प्रत्याभूति दिलाउन जडान गरिएका सिसी क्यामेराको नियन्त्रण कक्ष जिल्ला प्रहरी कार्यालयमा राखिएको भए पनि सिसी क्यामेरा बिग्रिएकापछि नियन्त्रणकक्ष समेत प्रयोगमा आउन छोडेको छ ।

प्रविधिको प्रयोगसँगै बढ्दो अपराध निरन्त्रण गर्न सिसी क्यामेरा अहिलेको अनिवार्य आवश्यकता रहेको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी प्रमुख प्रहरी उपरीक्षक दयानिधि ज्ञवालीले जानकारी दिनुभयो । "सिसी क्यामेरालाई आधार मानेर ठूला-ठूला जघन्य अपराधको अनुसन्धान गरिएको हुन्छ, हाले बागलुङमा फूलमाया माझीको हत्या विद्यालयको सिसी क्यामेराका आधारमा किनारा लगाउन सकियो", ज्ञवालीले भन्नुभयो, "सिसी क्यामेरा नहुँदा सुरक्षामा प्रभाव परेको छ, दुर्घटना नियन्त्रण र दुर्घटनापछिको अनुसन्धान छुट्याउन भूमिका सिसी क्यामेराको हुन्छ ।" ज्ञवालीका अनुसार अहिले बागलुङ उद्योग वाणिज्यसङ्घले सिसी क्यामेरा जडान गर्न सर्वे गरेको जनाएको छ । सिसी क्यामेराको प्रमुख व्यवस्थापक रहेको बागलुङ उद्योग वाणिज्य सङ्घले विग्रिएका सिसी क्यामेरा पुरानो मोडेलका भएको र नयाँ विद्युत् का पुलिमा केबल सहितको विद्युतीकरण गरी नाङ्गो विद्युतीय तारमुक्त बागलुङ बजार बनाउनका लागि दुई वर्ष सिसी क्यामेरा जडान गर्न नसकेको जनाएको छ ।

सङ्घका अध्यक्ष नरेश कँडेलले २०७१ सालमा जडान गरिएका सिसी क्यामेरा बिग्रेको बताउनुभयो । अध्यक्ष कँडेलले भन्नुभयो, "क्यामेरा जडानका लागि बागलुङ नगरपालिकाले रु १५ लाख विनियोजन गरेको छ, हाम्रो लागत ४२ लाख हो, सिसी क्यामेरा राख्दै जाने, व्यवसायसी र बैंकर्सबाट सहयोग समेत उठाउने लक्ष्य छ ।" बागलुङ नगरपालिकाले बागलुङ बजारमा सिसी क्यामेरा जडानका लागि तगारुकता देखाएर बजेट विनियोजन गरेको बागलुङ नगरपालिका नगरप्रमुख बसन्त कुमार श्रेष्ठले जानकारी दिनुभयो ।

अहिले जोड्ने भनिएका क्यामेरा बागलुङ बजार, रामरेखा, उपल्लाचौरदेखि कुडुँलेसम्म जडान गरिने गरी अध्ययन गरिएको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : मन चन्चल |
| कर्कट | : शारीरिक झमेला | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



त्रिभुवन विश्वविद्यालय

**वन विज्ञान अध्ययन संस्थान**

**पोखरा क्याम्पस, पोखरा**

**ल्याब Equipment सप्लाई गर्ने सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना**

यस क्याम्पसको फरेष्ट्री प्रोडक्ट युटिलाईजेशन ल्याबका लागि Equipment खरिद गर्नुपर्ने भएको हुँदा भ्याट सहित रु. ३१,६५,०००।-(एक्काईस लाख पैसट्टी हजार मात्र) मा नबढाई सप्लाई गरी जडान गर्न इच्छुक, कालो सूचीमा नपरेका ल्याब Equipment हरु सप्लाई गर्न ईजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट मिति २०७९/१०/०५ गतेभित्र रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

विस्तृत जानकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।

क्याम्पस प्रमुख

# लक्ष्मी ग्रुपको ४९ औं कर्पोरेट डे सम्पन्न, १०६ जनाले गरे रक्तदान

पोखरापत्र संवाददाता

पोखरा, ५ पुस

लक्ष्मी ग्रुप प्रा.लि.ले आफ्नो ४९ औं स्थापना दिवस मंगलबार एक समारोहको आयोजना गरि मनाएको छ।

पोखरा स्थीत ग्रुपको प्रधान कार्यलय बागबजार बगरमा आयोजना गरिएको कार्यक्रमलाई सम्बोधन गर्दै कार्यकारी निर्देशक सुनिल श्रेष्ठले कम्पनिलाई आजको अवस्था सम्म ल्याई पुऱ्याउनुमा सबैजनाको महत्वपुर्ण योगदान रहेको र आगामी दिनमा समेत यो योगदान निरन्तर रहने कुरामा आफु विस्वस्त रहेको कुरा बताउनुभयो।

सो अवसरमा कार्यकारी निर्देशक श्रेष्ठले सबैलाई आभार एवम् धन्यवादज्ञापन समेत गर्नु भएको थियो।




बटुकहरुद्वारा स्वस्ती वाचन गरि सुरु गरिएको कार्यक्रमलाई कम्पनिका कार्यकारी निर्देशक सुनिल श्रेष्ठ र निर्देशक चन्द्र बहादुर राजभण्डारीले पानसमा दिप प्रज्वलन गरि सयुक्त रुपमा समुदघाटन गर्नुभएको थियो । कार्यक्रममा ग्रुपमा लामो समयदेखी आवद्ध रही सेवारत कर्मचारीहरुलाई दीर्घ सेवा पदक द्वारा सम्मान गरिएको थियो । जसअनुसार ग्रुप अन्तरगत रहेका विभिन्न औद्योगिक प्रतिष्ठानहरुमा ५ बर्ष सेवा गरेका १५ जना, १० बर्ष सेवा गरेका ९ जना, १५ बर्ष सेवा गरेका १ जना, २० बर्ष सेवा गरेका २ जना र ३० बर्ष सेवा गरेका १ जना गरी जम्मा २८जना कर्मचारीहरुलाई दीर्घ सेवा पदक प्रदान गरिएको थियो। उक्त कर्मचारीहरुलाई कम्पनिका कार्यकारी निर्देशक सुनिल श्रेष्ठ, निर्देशकहरु चन्द्र बहादुर राजभण्डारी, कृष्ण बहादुर श्रेष्ठ, सुविन्द्र श्रेष्ठ, सुलभ श्रेष्ठले सम्मान स्वरुप मायाको चिनो एवम् प्रंशसा पत्र प्रदान गर्नु भएको थियो। यसका साथै ४९ औं स्थापना दिवसको अवसरमा आयोजना गरिएका विभिन्न खेलकुद प्रतियोगिताका विजेताहरुलाई पुरस्कार वितरण समेत गरिएको थियो।

त्यसै गरि ४९ औं स्थापना दिवस कै अवसर पारेर ग्रुपले रक्तदान कार्यक्रमको समेत आयोजना गरेको थियो। पहिलो रक्तदाता श्री युमा साईलाई ब्लड ब्याग हस्तान्तरण गरि सुरुवात गरिएको सो कार्यक्रममा जम्मा १०६ जना कर्मचारीहरुले रक्तदान गर्नु भएको थियो।

यस प्रकारको रक्तदान कार्यक्रम कम्पनिले सोसियल कर्पोरेट रेस्पोन्सीविलिटी अन्तरगत हरेक वर्ष नियमित रुपमा आयोजना गर्दै आएको कम्पनिका मानव संसाधान विभागका महाप्रवन्धक श्री श्याम मल्लले सो समारोहमा जानकारि दिनु भएको थियो । उक्त समारोहलाई मानव संसाधन विभागका तर्फबाट श्याम मल्ल र विजय बरालले संयुक्त रुपमा सञ्चालन गर्नु भएको थियो।

# अंगरक्षा तथा कानुनी सचेतना सम्बन्धी तालिम सम्पन्न

पोखरापत्र संवाददाता

पोखरा, ५ पुस

गुरु फिजिकल ट्रेनिङ सेन्टर प्रालिको आयोजनामा पोखरा ३२ को ब्रह्म रुपा मावि भएको १ हप्ते अंग रक्षा सम्बन्धी तालिम तथा कानुनी चेतना कार्यक्रम सम्पन्न भएको छ।

पोखरा महानगरपालीका र पोखरा ३२ को सहयोगमा मङ्सिर २८ देखि पुष ५ गते सम्म संचालित कार्यक्रमको समापन गर्दै विद्यालय व्यबस्थापन समितिका अध्यक्ष दुर्गालाल पण्डितले विद्यार्थीलाई लक्षित तालिममा सिकेको सिपलाइ व्यहारमा ल्याउनका साथै अरुलाई पनी बाँडनुपर्ने धारणा राखे । उक्त अवसरमा वडा नं ३२ का वडा तिर्थ सुयलले आजको समयमा अंगरक्षा तालिम अपरिहार्य रहेको बताए । सदस्य शोभा बिकले वडाको अन्य विद्यालयमा पनि अंगरक्षक र कानुनी सचेतना तालिम लैजानुपर्ने बताइन।



वडा सदस्य सावित्री पण्डीत महिलको क्षमता विकासमा तालिमले सहयोग पुऱ्याएको बताइन । धर्म वस्नेतले निवर्तमान वडा सदस्य संभ्भावतित दुर्घटनाबाट बच्नको लागि तालिमको आवस्यकता परेको बताए। विद्यालयका प्रध्यानध्यापक जनार्दन सुवेदी विद्यार्थीको क्षमता अभिबृदिको लागि अन्य कार्यक्रमको पनि आवस्यक परेको बताए । अन्य कार्याक्रम गर्नको लागि जनप्रतिनिधिको ध्यान दिनुपर्ने बताए। कक्षा १० की छात्रा डीम्पल बि कले अंगरक्षक तथा कानुनी सचेतना कार्यक्रमले सकरात्मक उर्जा दिएको बताइन । कक्षा ७ देखि १२ सम्मका विद्यार्थीहरुलाई लक्षीत गरी आयोजना गरीएको तालीममा करिब ५ सय विद्यार्थी सहभागी रहेका छन्। गुरु फिजिकल ट्रेनिङ सेन्टरका संचालक सुरेश अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन विजय नेपालीले गरेका थिए।

# खनाल दम्पतीद्धारा कालिकाको शिव मन्दिर निर्माणमा एक लाख सयोग

पोखरापत्र संवाददाता

पोखरा, ५ पुस

एनआरएन डेनमार्कका सल्लाहाकार तथा एनआरएनका पूर्व अन्तर्राष्ट्रिय समन्य परिषदका सदस्य सुर्य खनाल तथा पत्नी प्रमिला खनालले पोखरा महानगरपालिका २८ कालिका बिमिरापानीमा रहेको त्रिलोकेश्वर शिव मन्दिर पुनः निर्माणको लागी एक लाख एकसय रुपिया सयोग गरेका छन्।

स्थाही घर शुक्ला गण्डकी नगरपालिका २ कोत्रे र हाल डेनमार्कको कोपन्हेगन रहेका खनाल दम्पतीले आफ्नो जन्म भुमिमा केहि न केहि सयोग गर्नुपर्छ भन्ने उध्यश्यले सयोग गरेको बताउदै बाध्यता र विवशताले विदेश भए पनि जन्म भुमिलाई कहिले पनि भुल्न नसकिने बताए । बिशेष गरी कालिका आफ्नो माइती घर रहेको र जन्मेको ठाउमा केहि रकम सयोग गर्न पाएकोमा खुशी लागेको बताउदै प्रमिला खनालले आफुलाई धार्मिक आस्था समेत रहेको र शिव मन्दिर जस्तो पुण्य ठाँउको पुनः निर्माण कार्यमा सयोग गर्न पाएकोमा गर्व लागेको बताईन्।



त्रिलोकेश्वर शिव मन्दिर सेवा समितिका अध्यक्ष मनोहरि पौडेलले खनाल दम्पतीलाई बिषेश धन्यवाद दिदै पोखरा महानगरपालिका २८ कालिका कोलाकोपाट बिमीरापानीमा २०३७ सालमा स्थापना भएको यस त्रिलोकेश्वर शिव मन्दिर हाल अत्यन्त जिर्ण अबस्थामा रहेको र मन्दिरको संरक्षण समेत नभएको अवस्थामा हाल स्थानिय जनताको अग्रसरमा मन्दिरको समिति गठन भई मन्दिरको पुनःनिर्माणको काम गर्नको लागी अग्रसरता देखाइरहको र यस धार्मिक,पुण्य कार्यमा यस समिति, स्थानिय जनता मात्र लागेर नहुने भएको हुदा यस कार्यमा देश विदेशमा रहेका शुभचिन्तकहरुको सयोगको खाचो रहेको बताए।

मन्दिरलाई पोखरा महानगरपालिका लगाएत यस क्षेत्रकै धार्मिक पर्यटकीय ठाँउको रुपमा विकास गर्ने उध्यश्य रहेकोले हाल शिव मन्दिर लगाएत मन्दिर परिसरमा रहेका पौवाहरुको पुनःनिर्माण गर्नेको साथै मन्दिर परिसरमा पार्क तथा बर,पिपल चौतारी, खानीपानी धारा लगाएत अन्य संरचनाहरु निर्माण गर्नुपर्ने भएकोले त्रिलोकेश्वर शिव मन्दिर सेवा समितिले बृहत गुरुयोजना बनाएर काम थालनी गर्न लागेको अध्यक्ष पौडेलले बताए।

# पूरा हुँदै पोखरेलीको सपना

-वासुदेव पौडेल

पोखरा, ५ पुस (रासस)

पर्यटकीय नगरी पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा ल्याउने साढे चार दशकदेखिको सपना पूरा हुने अन्तिम चरणमा पुगेको छ । सरकारको घोषित कार्यक्रमअनुसार सन् २०२३ को जनवरी १ देखि पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान हुनेछ।

यस विमानस्थलबाट पहिलो अन्तर्राष्ट्रिय उडानका लागि बुद्धएयरले आवश्यक तयारी गरिरहेको उक्त एयरलायन्सका प्रवक्ता दीपेन्द्र कर्णले राससलाई जानकारी दिनुभयो । उडान अनुमतिका लागि बुद्ध एयरले सम्बन्धित निकायमा निवेदन दिइसकेको उहाँले बताउनुभयो । एयरलायन्सले पोखराबाट पहिलो उडान पोखरा-बनारस-पोखरा गर्ने योजना बनाएको उहाँले बताउनुभयो । “हामी उडानको लागि लगभग तयारीमा छौं, पोखरा-बनारसको उडानको अनुमति माग्नुका साथै त्यसअघि परीक्षण उडानका लागि पनि अनुमति मागिएको छ”, उहाँले भन्नुभयो।

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा गरिएको यान्त्रिक उडान ‘क्यालिब्रेसन फ्लाइट’ले यो विमानस्थल अन्तर्राष्ट्रिय उडानका लागि तयार भएको पाइएको विमानस्थलका प्रवक्ता अनुप जोशीले जानकारी दिनुभयो । यान्त्रिक परीक्षणको प्रतिवेदन क्यानले स्वीकृत गरेपछि एरोनोटिकल इन्फर्मेसन पब्लिकेसन (एआइटी) मा प्रकाशन गरिनेछ।

तीन हजार नौ सय रोपनी क्षेत्रफलमा फैलिएको पोखरा विमानस्थल भ्ण्डै रु २२ अर्ब लागतमा निर्माण गरिएको हो । विमानस्थलमा दुई हजार पाँच सय मिटर लम्बाई र ४५ मिटर चौडाइको धावनमार्ग छ। उडान सञ्चालनकै तयारीस्वरुप विमानस्थलको पूर्वतर्फको रिठ्ठेपानीडाँडा कटानको पहिलो चरणअन्तर्गत १६ मिटर कटानकार्य सकिएको उहाँले जानकारी दिनुभयो। धावनमार्गको ‘अप्रोच’मा पर्ने डाँडाको ४० मिटर डाँडा काटेर समतल बनाउने गरी बाँकी २४ मिटर काट्ने काम पनि तीव्र रुपमा चलिरहेको उहाँले बताउनुभयो । “जनवरी १ मा बिहानैदेखि पोखराबाट हुने सबै उडान (हेलिकोप्टर र अल्ट्रालाइट बाहेक) पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलबाटै गर्ने गरी तयारी भएको छ”, जोशीले भन्नुभयो।

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलबाट उडानको तयारी भइरहँदा पोखरेली पर्यटन व्यवसायी यसले पोखराको पर्यटनमा महत्वपूर्ण योगदान पुग्ने बताउँछन्।

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलबाट पर्यटकीय नगरी पोखराको सिधैँ विश्व बजारमा सम्पर्क हुने पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ बताउनुहुन्छ। आगामी दिनमा विदेशबाट पर्यटकहरू सिधैँ पोखरा आउनसक्ने भएकोले यहाँको पर्यटन प्रवर्द्धनमा थप योगदान पुग्ने बताउनुभयो।

पोखरामा दैनिक २० हजार भन्दा बढी पर्यटकलाई स्तरीय होटेल तथा आवाशको सुविधा दिन सकिने बताउँदै उहाँले विमानस्थल सञ्चालनसँगै यससँग जोडिएका सडक लगायतका पूर्वाधारमा विशेष ध्यान दिनु जरुरी रहेको बताउनुभयो । “पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलले आगामी दिनमा पोखरा र गण्डकी प्रदेशका विभिन्न जिल्लाका उत्पादनलाई पनि अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउन सकिन्छ”, उहाँले भन्नुभयो।

पोखरामा विभिन्न देशबाट आउने पर्यटक साहसिक पर्यटनलाई पनि लक्षित गरेर आउने गरेको ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल(टान) पश्चिमाञ्चल क्षेत्रीय सङ्घका अध्यक्ष धर्म पन्थीले बताउनुहुन्छ । पोखराहुँदै अन्नपूर्ण चक्रिय पदमार्ग, अन्नपूर्ण आधार शिविर, धवलागिरि पदमार्ग, मर्दी पदमार्ग आदिमा पर्यटक जाने गरेको बताउँदै उहाँले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलले पोखरा र यससँग जोडिएका पर्यटकीय गतिवधि बढ्ने विश्वास व्यक्त गर्नुभयो । राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल पोखराको पर्यटनका लागि बरदान सावित बन्ने नेपाल टुर एण्ड ट्राभल्स एजेन्ट्स(नाट्टा) गण्डकी प्रदेशका अध्यक्ष हरिराम अधिकारीले बताउनुभयो। पोखरा क्षेत्रीय अन्तर ाष्ट्रिय विमानस्थलले पोखरालाई अन्तर्राष्ट्रिय सहरका रुपमा स्थापित गर्ने बताउँदै उहाँले विमानस्थल सञ्चालनसँग जोडिएका अन्य पूर्वाधारको विकास तथा विस्तारमा राज्यको ध्यान जानु जरुरी रहेको बताउनुभयो । पोखरेलीको लामो समयदेखिको सङ्घर्षको प्रतिफलस्वरूप विमानस्थल सञ्चालनको अवस्थामा आउनु पोखरेलीका लागि हर्षको विषय भएको विमानस्थल निर्माणका अभियन्तामध्येका एक विश्वशङ्कर पालिखे बताउनुहुन्छ । अभियन्ता पालिखेका अनुसार विमानस्थलको निर्माणका लागि पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सरोकार समितिले २०६८ देखि सङ्घर्षका कार्यक्रम सुरु गरेको थियो।

विमानस्थल निर्माणका लागि पोखरेली जनताको लामो सङ्घर्षको इतिहास जोडिएको उहाँले बताउनुभयो । चार वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्यसहित तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७३ वैशाख १ गते शिलान्यास गर्नुभएको थियो।

निर्माणको जिम्मा चिनियाँ निर्माण कम्पनी सिएमसिइले पाएको थियो । करिब तीन हजार ७०० रोपनी क्षेत्रफलमा निर्मित विमानस्थलमा न्यारोबडी एयर बस तीन सय २० र बोइङ सातसय ३५ जहाज उडान र अवतरण गर्न सकिन्छ । यस विमानस्थलमा तीन ठूला र आठ साना गरी ११ वटा जहाज पार्किङ क्षमता रहेको छ । धावन मार्ग दुई हजार पाँचसय मिटरको रहेको विमानस्थलको चौडाइ ४५ मिटर छ । विमानस्थलमा १४ वटा आन्तरिक र अन्तर्राष्ट्रिय टर्मिनल भवन रहेका छन् । विमानस्थलको ९३ प्रतिशत काम सम्पन्न भएपछि गत चैतमा चिनियाँ निर्माण कम्पनीले महत्वपूर्ण पूर्वाधार सकिएको भन्दै नेपाललाई हस्तान्तरण गरेको थियो । तथ्याङ्कअनुसार काठमाडौँ आएका विदेशी पर्यटकमध्ये ४० देखि ४५ प्रतिशत पर्यटक पोखरा आउने गर्दछन् । नेपाल आएकामध्ये करिब ६० प्रतिशत विदेशी पर्यटक मनोरञ्जनका लागि आउने गरेको र ४० देखि ४५ प्रतिशत पोखरा पुग्ने गरेका छन्।

# भलिबल खेल्न नेपाली टोली बङ्गलादेश प्रस्थान

रासस

काठमाडौं, ५ पुस

बङ्गलादेशमा आयोजना हुने २३ वर्ष मुनीको काभा यू-२३ अन्तर्राष्ट्रिय पुरुष भलिबल प्रतियोगितामा भाग लिन नेपाली टोली मंगलबार बङ्गलादेशको राजधानी ढाका प्रस्थान गरेको छ।

ढाकामा यही पुस ७ देखि ११ सम्म आयोजना हुने प्रतियोगितामा सहभागिता जनाउनका लागि १९ सदस्यीय टोली आज त्यसतर्फ प्रस्थान गरेको हो । प्रतियोगितामा आयोजक बङ्गलादेशसहित नेपाल, कीर्गिस्तान र श्रीलङ्का गरी चार राष्ट्रले भाग लिनेछन्।

प्रतियोगितामा चार टोलीले मात्र भाग लिने भएकाले सबै टोली सेमिफाइनलमा पुगिसकेका छन्। सहभागी टोलीले राउन्ड रोबिन लिगका आधारमा खेल्नेछन् । प्रतियोगिताको उद्घाटन खेलमा पुस ७ मा हुनेछ। जसमा नेपाल र आयोजक बङ्गलादेश प्रतिष्पर्धा गर्नेछन्। नेपालले दोस्रो खेल पुस ८ मा श्रीलङ्काविरुद्ध खेल्नेछ भने लिग चरणको अन्तिम खेल पुस ९ गते कीर्गिस्तानसँग हुनेछ। प्रतियोगिताको फाइनल खेल पुस ११ मा हुनेछ।

प्रतियोगितमा सहभागिता जनाउन जाने नेपाली टोलीलाई यसअघि नै नेपाल भलिबल सङ्घले सफलताको शुभकामना दिदैं विदाइ गरेको थियो।

नेपाली टोलीमा रवि केसी, सन्तोष खत्री, धिरोजकुमार बस्नेत, अर्जुन नेपाली, रुपबाहदुर गुराउ, विष्णु बस्नेत, सन्तोष महता, सफल विक, मनिष मानन्धर, हेमन्त मल्ल, देवप्रकाश जोशी, सम्राट भण्डारी, गौरव पाण्डे र भीमराज गुरुङ रहेका छन्। टोलीको मुख्य प्रशिक्षकमा जगदिशप्रसाद भट्ट र सहायक प्रशिक्षक भरत यादव हुनुहुन्छ।


## बुद्ध विशाल बजार व्यापारिक एशोसियसनको निःशुल्क उपहार कुपन सम्बन्धि सूचना

मिति २०७९/०४/०१ गतेदेखि २०७९/०९/०१ गतेसम्म लागु गरिएको निःशुल्क उपहार कुपनको नतिजा यस प्रकार रहेको छ।

**प्रथम पुरस्कार कुपन नः ४३१२५ डियो स्कुटर**
**दोस्रो पुरस्कार कुपन नः ६१७८० स्मार्ट टि.भि ४३ ईन्चको**
**तेस्रो पुरस्कार कुपन नः ८२९७६**
**तेस्रो पुरस्कार कुपन नः १९९१३**
**तेस्रो पुरस्कार कुपन नः ६०८१७ स्मार्ट फोन ( पन्ध्र हजार बराबरको)**

**निःशुल्क उपहार कुपनका शर्तहरू**

- नतिजा प्रकाशित भएको मितिले १५ दिनभित्र उपहार कुपनसँगै नेपाल सरकारबाट जारी भएको आफ्नो परिचय खुल्ने प्रमाणपत्रको सक्कल पेश गर्नुपर्नेछ।
- म्याद सकिएर आएको उपहार कुपन मान्य हुने छैन।
- उपहार पर्ने व्यक्तिले उपहार लिनको लागि अर्धकट्टी अनिवार्य रूपमा साथमा लिएर आउनुपर्नेछ। अर्धकट्टी उपलब्ध हुन नसकेमा यस एशोसियसन उपहार दिन बाध्य हुने छैन।
- कुपनबाट प्राप्त हुने उपहारमा नेपाल सरकारको प्रचलित नियम अनुसार कर कट्टा गरी उपलब्ध गराईनेछ।
- उपहार सम्बन्धी सर्वाधिकार यस बुद्ध विशाल बजार व्यापारिक एशोसियसनमा निहित रहने छ।

**बुद्ध विशाल बजार व्यापारिक एशोसियसन**
**पोखरा-४, महेन्द्रपुल**